# लोक सेवा आयोग

## नेपाल विविध सेवा, राजपत्र अनंकित द्वितीय श्रेणी, टेलिफोन अपरेटर पदको खुला प्रतियोगितात्मक परीक्षाको पाठ्यक्रम

१. यस पाठ्यक्रम अनुसार तीन भागमा परीक्षा सञ्चालन गरिनेछ :-

| भाग | परीक्षा | पूर्णाङ्क | प्रश्न संख्या | समय | उत्तीर्णाङ्क |
|---|---|---|---|---|---|
| १ | लिखित | ५० | २५ | २५ मिनेट | ३५% |
| २ | प्रयोगात्मक | ५० | २५ | ३० मिनेट | ५०% |
| ३ | अन्तर्वार्ता | १० | | | |

२. लिखित परीक्षाबाट छनौट भएका परीक्षार्थीहरुले मात्र प्रयोगात्मक परीक्षामा भाग लिन पाउने छन् ।

३. प्रयोगात्मक परीक्षामा उत्तीर्ण हुने परीक्षार्थीहरुले मात्र अन्तर्वार्तामा भाग लिन पाउने छन् ।

४. तीनै भागको परीक्षाको प्राप्ताङ्क जोडी सफल उम्मेदवारको योग्यताक्रम तयार गरी सिफारिश गरिने छ ।

५. लिखित परीक्षाको पाठ्यक्रमका एकाइबाट देहाय अनुसार प्रश्नहरु सोधिने छन् :-

| पाठ्यक्रमको एकाइ | प्रश्न संख्या |
|---|---|
| १ | १५ |
| २ | ५ |
| ३ | ५ |
| जम्मा | २५ |

६. लिखित परीक्षामा गल्ती गरेको प्रश्नोत्तरका लागि २० प्रतिशत अङ्क कट्टा गरिने छ ।

७. पाठ्यक्रम लागू हुने मिति :- २०५७। ४ ।१

## भाग १–लिखित परीक्षा

समय :- २५ मिनेट  प्रश्न संख्या :- २५  पूर्णाङ्क :- ५०

परीक्षा प्रणाली :- वस्तुगत बहुउत्तर ( **Multiple Choice** )

१. **सामान्य ज्ञान**

(क) **नेपालको राजनैतिक भूगोल**

- विकास क्षेत्र र सदरमुकामहरु
- अञ्चलहरु र अञ्चल सदरमुकामहरु
- जिल्लाहरु र जिल्ला सदरमुकामहरु
- नगरपालिकाहरु

(ख) **विश्वको राजनैतिक भूगोल**

- गोलार्द्धको ज्ञान
- महादेशहरु
- विश्वभरीका देश र राजधानीहरु
- प्रमुख शहरहरु

(ग) **दूरसंचार सम्बन्धी**

- दूरसंचारको ऐतिहासिक पृष्ठभूमि
- नेपालमा दूरसंचारको विकासक्रम
- नेपालमा दूरसंचारका विभिन्न सेवाहरु
- नेपाल दूरसंचारमा प्रयोग हुने एरिया कोड नम्बरहरु
- राष्ट्रिय र अन्तर्राष्ट्रिय ट्रंकल दर सम्बन्धी ज्ञान
- कन्ट्री कोड र एरिया कोड

२. **उपकरण र उपकरण संचालन**

- टेलिफोन सेट
- आई. सि. एफ. सेट
- फ्याक्स मेशिन
- पि.ए.बि.एक्स

३. **संचार सीप**

- टेलिफोनमा प्रयोग हुने भाषा
- टेलिफोन सर्वसाधारणसंग व्यवहार गर्ने तरिका
- पद र सेवाको जिम्मेवारी
- संचार सेवाका सीप

## नमूना प्रश्नहरु

१. भियाना कुन देशको राजधानी हो ?
(क) मलेसिया (ख) क्यानडा (ग) अष्ट्रिया (घ) सोमालिया

२. भरतपुरको एरिया कोड नं. कति हो ?
(क) २३ (ख) ५७ (ग) ६४ (घ) ५६

३. ग्राहकले कुनै व्यक्तिको टेलिफोन नम्बर पत्ता लगाउनु पर्दा कहां सम्पर्क राख्नु पर्दछ ?
(क) दूरसंचार संस्थान केन्द्रिय कार्यालयमा
(ख) ईन्क्वायरी शाखामा
(ग) ट्रंक शाखामा
(घ) पि.सि.ओ. अफिसमा

४. फ्याक्स मेशिनबाट के पठाईन्छ ?
(क) Voice (ख) Voice and Data (ग) Data (घ) माथिका सबै

५. अपरेटरले टेलिफोनमा ग्राहकसंग कुरा गर्दा कुन कुरामा ध्यान दिनु पर्दछ ?
(क) ग्राहकले बोलेको कुरामा ध्यान दिएर सुन्नु पर्दछ
(ख) स्पष्ट र शुद्ध बोल्नु पर्दछ
(ग) नम्रता र शिष्टता झल्किने गरी बोल्नु पर्दछ
(घ) माथिका सबै ठीक

## भाग २—प्रयोगात्मक परीक्षा

समय :- ३० मिनेट प्रश्न संख्या :- २५ पूर्णाङ्क :- ५०

| S.No. | Subjects | Questions | Marks |
|---|---|---|---|
| 1 | Telephone Set | 5 | 10 |
| 2 | Fax Machine | 5 | 10 |
| 3 | ICF Telephone Set | 5 | 10 |
| 4 | Telephone Call Handling | 5 | 10 |
| 5 | Directory Use | 5 | 10 |
| | Total | 25 | 50 |